**मिति २०८१/०९/२८ गते आइतबार, १६८ औं कार्यपालिका बैठक**

**प्रस्तावहरुः**

१. अघिल्लो बैठकका निर्णय समीक्षा सम्बन्धमा ।
२. माघी पर्वको शुभकामना सम्बन्धमा।
३. घोराही उपमहानगरपालिकाको आर्थिक वर्ष २०८०/८१को संस्थागत क्षमता स्व-मूल्यांकनको नतिजा अनुमोदन सम्बन्धमा।
४. शुभकामना सन्देश उपलब्ध गराउने सम्बन्धमा।
५. प्रेस संयोजक सम्बन्धमा।
६. म्याद थप सम्बन्धमा।
७. अल्पकालीन सेवा केन्द्र संचालन सम्बन्धी कार्यविधि २०८१ पारित सम्बन्धमा।
८. इन्योर परियोजना अन्तर्गत छनौट भएको विद्यालयहरुमा ल्याब स्थापना गर्न आवश्यक स्वीकृती तथा समन्वय गर्ने सम्बन्धमा।
९. टोल विकास संस्था सम्मानकालागि सूचक निर्धारण सम्बन्धमा।
१०. विविध

**निर्णय नं. १**

घोराही उपमहानगरपालिका नगरकार्यपालिकाको अघिल्लो बैठकले गरेका निर्णय कार्यान्वयनको अवस्थाबारे समीक्षा गरियो।

**निर्णय नं. २**

नेपालीहरुको महान पर्व मकर संक्रान्ति २०८१ तथा थारु संवत २६४८ (माघी पर्व) को पावन अवसरमा सम्पूर्ण नगरबासी महानुभावहरुमा सुख , शान्ति, सम्वृद्धी र सुस्वास्थ्यको हार्दिक मंगलमय शुभकामना व्यक्त गरियो। साथै माघी पर्वको अवसरमा थारु समुदायको विशेष पर्व माघीको अघिल्लो दिन (सुरी मर्ना डिन) मिति २०८१।९।२९ गते सोमबार घोराही उपमहानगरपालिका अन्तर्गतका सबै कार्यालय र सामुदायिक तथा संस्थागत विद्यालयहरुलाई सार्वजनिक बिदा दिने निर्णय गरियो।

**निर्णय नं. ३**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय काठमाडौंबाट पारित भएको स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन कार्यविधि २०७७(संशोधन सहित) अनुसार यस घोराही उपमहानगरपालिकाको आ.व. २०८०/०८१को संस्थागत स्वमूल्यांकन सम्बन्धमा पृष्ठपोषणका लागि जिल्ला समन्वय समिति दाङमा पठाइएको र जिल्ला समन्वय समिति दाङबाट प्राप्त पृष्ठपोषण अनुसार थप कागजात तथा पृष्ठपोषण समेत समावेश गरी तयार भएको अन्तिम नतिजा उपर कार्यपालिकामा छलफल गरियो। नतिजा अनुसार कमजोर देखिएको विषयक्षेत्रमा आगामी दिनमा कार्ययोजना सहित कार्यक्रमगत रुपमा कार्यान्वयन गर्ने संकल्प सहित पेश भएको घोराही उपमहानगरपालिकाको आ.व. २०८०/०८१ को संस्थागत क्षमता स्वमूल्यांकन नतिजा अनुमोदन गरी सार्वजनिकीकरण गर्ने ।

**निर्णय नं. ४**

घोराही उपमहानगरपालिकाको शुभकामना सन्देश सहितको सूचना तथा कल्याणकारी विज्ञापन प्रकाशनका लागि सूचना यस उपमहानगरपालिका भित्र केन्द्रीय कार्यालय भई प्रकाशन तथा प्रशारण हुने स्थानीय/राष्ट्रिय संचार माध्यमहरुलाई (पत्रपत्रिका/ रेडियो टेलिभिजन लगायत अनलाइन मिडिया) मात्र उपलब्ध गराउने। यसरी शुभकामना सन्देश सहितको सूचना तथा कल्याणकारी विज्ञापन उपलब्ध गराउदा यस उपमहानगरपालिकामा अनिवार्य व्यवसाय दर्ता तथा नविकरण गरेको प्रमाणपत्र पेश गर्ने संचार माध्यमहरुलाई मात्र सूचना उपलब्ध गराउन सूचना तथा संचार प्रविधि शाखालाई निर्देशन दिने।

**निर्णय नं. ५**

घोराही उपमहानगरपालिकामा नगरप्रमुखज्यूको प्रेस संयोजकको रुपमा कार्यरत श्री निमबहादुर घर्ति (निमु संगम घर्ति) लाई यही मिति २०८१।१०।०१ गतेदेखि करार सेवालाई निरन्तरता नदिने निर्णय गरियो।

**निर्णय नं. ६**

घोराही उपमहानगरपालिका क्षेत्रभित्र योजना निर्माणका लागि सम्झौता भई सञ्चालित योजना विविध कारणले समयमै सम्पन्न हुन नसकेका कारण योजनाको बोलपत्रदाताबाट म्याद थपका लागि निवेदन प्राप्त गरी व्यहोरा अध्ययन गरी पूर्वाधार विकास महाशाखाबाट पेश भएका ठेक्का यस घोराही उपमहानगरपालिकालाई आर्थिक व्ययभार नपर्ने गरी सार्वजनिक खरिद (तेह्रौं संशोधन) नियमावली २०८०को नियम १२०, १२० क को आदेशअनुसार तपसिल बमोजिमको योजनाको म्याद थप गर्ने।

| सि. नं. | ठेक्का नं. | योजनाको नाम | निर्माण व्यवसायीको नाम | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति | पहिलो पटक म्याद थप भएको मिति |
|---|---|---|---|---|---|---|
| १ | NCB/WORKS/GSMC/07/077/078 | जिल्ला प्रशासनदखि शहिद गेटहुँदै नेपाल बैंक लि.सम्म नाला सहित सडक पिच | वेष्टर्न डेभलपमेन्ट कन्स्ट्रक्सन प्रा.लि. | २०७७।१०।०८ | २०७७।०३।३१ | २०७८।१२।३० (पहिलो पटक म्याद थप) २०८०।०२।२५ (दोस्रो पटक म्याद थप) २०८१।१०।३० (तेस्रो पटक म्याद थप) |
| २ | NCB/WORKS/GSMC/11/077/078 | सौरी थारुगाउँ बाटो पिच निरन्तरता, वडा नं. १०को पुरानो वडा कार्यालयहुँदै नारायणपुर थारुगाउँहुँदै वनगाउँ जोडने बाटो निरन्तरता, मान बहादुरको मिलदेखि शंकर गौतमको घरसम्मको अधुरो सडक पिच र दक्षिण पानी ट्यांकी चोकस्म सडक पिच निरन्तरता | वेष्टर्न डेभलपमेन्ट कन्स्ट्रक्सन प्रा.लि. | २०७८।०१।०५ | २०७८।०३।३१ | २०७८।१२।३० (पहिलो पटक म्याद थप) २०८०।०१।३० (दोस्रो पटक म्याद थप) २०८०१।१०।३० (तेस्रो पटक म्याद थप) |
| ३ | NCB/WORKS/GSMC/14/079/080 | वडा नं. १० नारायणपुर दुरसंचार टोलमा योगाहल निर्माण | पञ्चकोशी कन्स्ट्रक्सन प्रा.लि. | २०८०।०१।१७ | २०८०।०३।३१ | २०८१।०१।०१ (पहिलो पटक म्याद थप) २०८१।०३।३० (दोस्रो पटक म्याद थप) २०८०१।१०।३० (तेस्रो पटक म्याद थप) |
| ४ | NCB/WORKS/GSMC/41/079/080 | वडा नं. १४ गोर्खा अस्पतालदेखि मिलन चोकसम्म फुटपाथ नाला सहित सडक स्तरउन्नती | श्री राना ब्रदर्स कन्स्ट्रक्सन प्रा.लि. | २०८०।०७।२४ | २०८१।०३।३१ | २०८१।१०।२९ |

**निर्णय नं. ७**

घोराही उपमहानगरपालिकाको महिला, बालबालिका तथा सामाजिक विकास शाखाबाट पेश भएको अल्पकालीन सेवा केन्द्र संचालन सम्बन्धी कार्यविधि २०८१ स्वीकृत गरियो।

**निर्णय नं. ८**

दिगो तथा सम्मानित रोजगारीको लागि सीप (इन्स्योर) परियोजना दोस्रो चरण अन्तर्गत यस घोराही उपमहानगरपालिकामा शिक्षाको संसारबाट कामको संसारमा स्थानान्तरण (School to Work Transition) कार्यक्रम संचालनका लागि छनौट भएका तपसिल बमोजिमका ६ वटा सामुदायिक विद्यालयमा वृत्ति ल्याब स्थापनाका लागि इन्स्योर/हेल्भेटास नेपाल (परियोजना सहयोग इकाई)सँग भएको सम्झौता बमोजिमको लागत रकम विद्यालयको खातामा जम्मा हुने गरी कार्यक्रम कार्यान्वयनको लागि स्वीकृती दिने निर्णय गरियो।

**तपसिलः**

१. गंगा माध्यामिक विद्यालय घोराही २ रामपुर
२. माध्यमिक विद्यालय डाँडागाउँ घोराही ४ गोग्ली
३. माध्यमिक विद्यालय घोराही ६ जजरागाउँ
४. नरदेवी माध्यमिक विद्यालय घोराही ९ तेघरा
५. गोरक्ष रत्ननाथ माध्यमिक विद्यालय घोराही १७
६. माध्यमिक विद्यालय घोराही १८ रझेना

**निर्णय नं. ९**

घोराही उपमहानगरपालिकाको नगर स्थापना दिवसमा टोल विकास संस्थाहरुलाई सम्मान गर्ने कार्यक्रम रहेको हुँदा टोल विकास संस्था छनौटका लागि तपसिल बमोजिमका सूचक निर्धारण गर्ने निर्णय गरियो।

**तपसिलः**

| सि.नं. | सुचकहरु | अंक भार | गरेको | नगरेको | कैफियत |
|---|---|---|---|---|---|
| १ | टोल बिकास संस्थाको मासिक बैठक, नियमित सरसफाई, वार्षिक साधारण सभा, प्रत्येक ३ वर्षमा कार्यसमितिको पुर्नगठन गर्ने कार्य | २० | | | |
| २ | पुर्ण सरसफाई सम्बन्धी सबै सुचक पुरा गरी पुर्ण सरसफाई युक्त टोल बनाउने गर्ने कार्य | १५ | | | |
| ३ | गल्ने र नगल्ने फोहर घरमै छुट्याउने वानीको विकास गरेको | १० | | | |
| ४ | विभिन्न निकायहरुबाट प्रवाह हुने सेवा तथा सुविधामा टोलवासीको पहुंच अभिबृद्धी गरेको | ५ | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | टोलवासीहरुमा उद्यमशिलताको विकास र लघु उद्यमको सिर्जना गर्ने कार्य | ५ | | | |
| ६ | टोलमा आपसी सद्भाव, समझदारी, समन्वय र मेलमिलाप कायम गर्ने कार्य | ५ | | | |
| ७ | टोलवासीलाई आर्थिक र सामाजिक निर्णय प्रक्रियामा सामान रुपले सरिक गराउने गर्ने कार्य | ५ | | | |
| ८ | टोलको सामाजिक कार्यमा पारदर्शिता र सुशासनलाई बढवा दिने कार्य | ५ | | | |
| ९ | विभिन्न निकायहरुबाट टोलमा संञ्चालन हुने विकास सम्बन्धी कार्यमा सहयोग गरेको तथा टोल वस्तीका सडकहरुमा जथाभावी फोहर फाल्नबाट रोक लगाउने कार्य गरेको | ५ | | | |
| १० | टोलवासी सबैलाई सहभागितात्मक योजना तर्जुमा, अनुगमन, एवं मुल्याङकन प्रक्रियामा सक्रिय सहभागी गराउने कार्य | ५ | | | |
| ११ | गरिबीको मापदण्ड बनाई टोलका सदस्यहरुलाई बर्गीकरण गर्नको साथै अभिलेख राख्ने कार्य | ५ | | | |
| १२ | बातावरण मैत्री तथा लैंगिक हिंसा नियन्त्रण मुक्त नगर घोषणा निर्माण अभियानमा सहयोग गर्ने कार्य | ५ | | | |
| १३ | बिरुवाको उचित संरक्षण गरी गाँउ, नगरको हरियाली प्रबर्धनमा टेवा पुर्याउने कार्य | ५ | | | |
| १४ | पूर्ण रुपमा फोहर वर्गीकृत टोल घोषणा भएको तथा प्रकृया अगाडी बढाएको | ५ | | | |
| | जम्मा अंकभार | १०० | | | |

**निर्णय नं. १०**

**१०.१** घोराही उपमहानगरपालिका वडा नं. ६ गुरुवागाँउ बस्ने रामु चौधरीको बुबा जोकर चौधरीको मिति २०८१।०८।०४ गते मृत्यू भएको र उहाँको परिवारको आर्थिक अवस्था निकै कमजोर रहेकोले उहाँको परिवारलाई काजकिरिया खर्च सहयोग स्वरुप रकम रु.१०,०००।—(दश हजार) घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शिर्षकबाट उपलब्ध गराउने।

**१०.२** प्रेस सेन्टर नेपाल, दाङ शाखाबाट संगठनको पाँचौ अधिवेशनका लागि आर्थिक सहयोग माग भई आएकोले अधिवेशनमा भएको खर्चको विल अनुसार अधिकतम रकम रु.१०,०००।—(दश हजार) सम्म सम्बन्धीत पार्टीलाई घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।

**१०.३** घोराही उपमहागनरपालिका वडा नं. १७ पचुर्खा टोल निवासी सुनिता चौधरीको यहि मिति २०८१।०२।२८ गते ट्याक्टर दुर्घटनामा परि पूर्ण अशक्त हुनुभएको र उहाँको घरको आर्थिक अवस्था समेत कमजोर रहेकोले अपाङ्गमैत्री भान्सा घर निर्माणमा सहयोग गरिदिनुहुन भनि १७ नं.वडा कार्यालयको सिफारिससाथ अनुरोध भई आएकोले उहाँलाई रकम रु.२५,०००।—(पच्चीस हजार) घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शिर्षकबाट उपलब्ध गराउने।

**१०.४** राष्ट्रिय अपाङ्ग महासंघ नेपाल लुम्बिनि प्रदेश कार्यालय देउखुरी दाङको च.नं. ९५ मिति २०८१।०९।०५ गतेको पत्रबाट महासंघको आयोजनामा पुस १२ र १३ गते काठमाण्डौमा अपाङ्ग भएका व्यक्तिहरुको मानव अधिकार सम्बन्धी राष्ट्रिय कार्यशाला रहेकोले उक्त कार्यक्रममा सहभागी हुन दाङ जिल्लाबाट १५ जना सहभागीको लागि यातायात तथा खाना खाजा वापतको खर्चमा सहयोग उपलब्ध गराइदिनुहुन अनुरोध भई आएकोले महासंघलाई खर्च भएको विल भर्पाई अनुसार अधिकतम रकम रु.५,०००।— घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।

**१०.५** प्रगतिशील लेखक संघ नेपाल दाङ शाखाले आफ्नो ३२औं स्थापना दिवस तथा १२औं अधिवेशनको व्यवस्थापनका लागि आर्थिक सहयोग गरिदिनुहुन भनि अनुरोध भई आएकोले प्रलेस दाङलाई कार्यक्रममा भएको खर्चको विल अनुसार सम्बन्धीत पार्टीलाई अधिकतम रकम रु.२०,०००।—(बिस हजार)सम्म घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।

**१०.६** गत आ.व.२०८०/८१मा घोराही उपमहानगरपालिकाको नगरकार्यपालिकाको विभिन्न मितिमा बसेको बैठकबाट तपसिल बमोजिमको संस्था तथा क्लबलाई आर्थिक सहायता दिने निर्णय भएकोमा गत आ.व.मा स्रोतमा हुन गएको चापका कारण भुक्तानी दिन नसकिएको हुँदा उक्त रकम घोराही उपमहानगरपालिकाको चालु आ.व. २०८१/८२को वार्षिक बजेटको अन्य संस्था सहायता शीर्षकबाट भुक्तानी दिन आर्थिक प्रशासन शाखालाई अनुमती दिने।

**तपसिल**

| सि.नं. | संस्था तथा क्लबको नाम | भुक्तानी दिनुपर्ने रकम | निर्णय भएको कार्यपालिका बैठकको मिति | कैफियत |
|---|---|---|---|---|
| १ | नेपाल चेम्बर अफ कमर्स घोराही दाङ | १०,०००।- | २०८१।०३।०८<br>१५९औं कार्यपालिका बैठक | मेलामा उ.म.न.पा.बाट राखिएको स्टल वापतको भुक्तानी दिनुपर्ने रकम |
| २ | द युनाइटेट युथ क्लब बुका वडा नं. २ | १५,०००।- | २०८०।०७।२९<br>१४७औं कार्यपालिका बैठक | खेलकुद प्रतियोगिता संचालनका सहयोग रकम |

१०.७ अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन राप्ती ईञ्जिनियरिङ क्याम्पस कमिटी दाङले दाङ जिल्लाका सम्पूर्ण +२ क्याम्पसहरुलाई समावेश गरी क्याम्पस स्तरीय वृहत भलिबल प्रतियोगिता संचालनका लागि आर्थिक सहयोग माग भई आएकोले अनेरास्ववियु राप्ती ईञ्जिनियरिङ क्याम्पस कमिटी दाङलाई खर्च भएको विल अनुसार सम्बन्धीत पार्टीलाई अधिकमत रकम रु.१०,०००।-सम्म घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट भुक्तानी दिने।

१०.८ घोराही उपमहानगरपालिकाको आ.व. २०८१/८२को स्वीकृत योजना वडा नं. १५ तारापुञ्ज टोलमा सडक स्तरउन्नती शीर्षकमा ५,०५,०००।- बजेट विनियोजन भई उपभोक्ताबाट योजना कार्यान्वयनका लागि उपभोक्ता समितिबाट लागत सहभागिता वापत बुझाउने पर्ने १० प्रतिशत रकम रु.५०,५००।— घोराही उपमहानगरपालिकाको राजश्व खातामा जम्मा गरिसकेको अवस्थामा उपभोक्ता समितिबाट उक्त योजना ठेक्का मार्फत गर्ने निर्णय भएको हुँदा उपभोक्ताबाट (रसिद नं. ४१५३५, मिति २०८१।०९।१६) बुझाइएको रकम रु.५०,५००।— सम्बन्धीत उपभोक्ता समितिलाई घोराही उपमहानगरपालिकाको अन्य फिर्ता शीर्षकबाट फिर्ता दिन आर्थिक प्रशासन शाखालाई अनुमती दिने।